# 3 सबैले पाप गरेका छन्

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** रोमी १:१६,१७,२२-३२, रोमी २:१-१०,१७-२३, रोमी ३:१,२,१०-१८,२३।

***स्मरण गर्नुपर्ने पद:*** "सबैले पाप गरेका छन्। परमेश्वरको गरिमामय महिमामा कोहि पनि पुग्न सक्दैनन्।" (रोमी ३:२३बाट रूपान्तरित)

यदि कसैले आफू पापी छु भनेर महशूस गर्दैन भने परमेश्वरले दिने दोषमुक्ति बरदान र पापबाट शुद्ध हुने आवश्यकताको औचित्य त्यो व्यक्तिले देख्दैनन्। इसाई ज्ञानमा दोषमुक्ति वा अङग्रेजीमा जस्टिफिकेशन (justification) भन्ने शव्द अत्यन्त महत्वपूर्ण छन्। पापी मानिसहरू परमेश्वरको सामु धर्मात्मा र शुद्ध छन् भनेर देखाउने परमेश्वरको बाटो यो दोषमुक्ति शव्दले देखाउँछ। शव्दकोषमा दोषमुक्ति वा अङग्रेजीमा जस्टिफिकेशन (justification) को अर्थलाई औचित्य, न्यायसङ्गति, प्रमाणिकता आदि शव्दहरूले वाख्या गरेका छन्। आफू निरिह र आशारहित पापी हुँ भनेर स्विकार गर्ने मनस्थिति पहिला हुनुपर्दछ भनेर पावललको बलियो धारणा छ। यसलाई स्पष्ट पार्न गैर-यहूदी अर्थात् अन्य जातका मानिसहरू कत्तिको पापी छन् भनेर तिनीहरूको अवस्थालाई पावलले उदाङ्ग पार्दछन्। सत्य जीवित परमपिता सृष्टिकर्ता परमेश्वरलाई तिनीहरूले बिर्सेको कारण तिनीहरू कस्तो निचमा झरेका छन् भनेर पावलले वाख्या गर्दछन्। यहूदीहरू पनि यो अवस्थामा पछि छैनन् भनेर पावल भन्न हिच्किचाउँदैन। पावल आफै यहूदी-इसाई थिए। कसैले पनि आफ्नो प्रयत्न, त्याग, तपस्या, परोपकारिता आदि काम गरेर धर्मात्मा ठहरिंदैन र उसले मुक्तिपनि पाउँदैन भनेर पावलले स्पष्ट गर्न चाहेको यस रोमीको पुस्तकमा पाउँछौं।

यसबारे एलेन जी ह्वाईटले स्पष्ट रूपमा यसरी व्यक्ति गर्नुहुन्छ: "कुनै धर्मकर्म वा अथक प्रयासद्वारा आफ्नो पापको ऋण चुकाउन सक्छ भनेर कसैले पनि ठान्नुहुन्न। मेरो प्रयासमा, तपस्या वा त्यागमा म स्वर्ग जान सक्छु भन्ने भावना एकदम खतरापूर्ण छ। सत्यलाई बुझ्न आफ्नो तर्कहरूलाई पन्छाउनुपर्दछ। सित्तैंमा दिएको क्षमालाई

परमेश्वरले हामीप्रति देखाउनुभएको सदाशयको उपहार भनेर हामी सहस्र स्विकार गर्नुपर्छ।

"धेरै मानिसलाई यो ज्ञान बुझ्न कठिन सावित भएको छ। सैतानका सन्तान अर्थात् सैतानका भक्त भएर पनि आफूहरू परमेश्वरका सन्तान हौं भनेर हजारौ हजारौंले दावी गरिरहेको हामी पाउँछौं। मानिसहरूले आफूहरूलाई यो अवस्थामा किन पारियो भन्दा आफ्नै अथक प्रयासमा मुक्ति पाइन्छ भन्ने धारणाले हो। हो हामीले असल कामगरून भनी परमेश्वरले सधैं अपेक्षा गर्नुहुन्छ। दश आज्ञाको मनशाय पनि मानिसहरूले असलै काम गरून् भन्ने हो। तर मानिसले पाप गरेको कारण अर्थात् पापको दलदलमा परेको कारण आफ्नो भरमग्दूर प्रयासले त्यस पापबाट आफूलाई निकाल्न सक्दैनन्। येशूको धार्मिकता वा उहाँको धार्मिक कार्यले मात्र हामीलाई पापबाट बचाउन सकिन्छ। उहाँ एक्लैले मात्र हामीलाई बचाउन सक्नुहुन्छ किनभने उहाँको जीवनको एक मात्र लक्ष्य यो हो कि उहाँ हाम्रो मुक्तिदाता हुने।"-एलेन जी ह्वाईट, *द एसडिए बाइबल कमेन्टरी,* ठेली ६, पृ. १०७१बाट रूपान्तरित।

## १. सुसमाचारप्रति लज्जित छैन (रोमी १:१६,१७)

पावलले सुसमाचारप्रति लक्षित गर्दै आफ्नो भावना यसरी व्यक्त गर्नुहुन्छः "ख्रीष्टको सुसमाचारप्रति म शर्माउँदिन, किनभने विश्वास गर्ने हरेकका निम्ति, पहिले यहूदी र ग्रीकलाई पनि मुक्तिका निम्ति परमेश्वरको शक्ति हो। किनभने यसैमा विश्वासद्वारा विश्वासको निम्ति परमेश्वरको धार्मिकता प्रकट भएको छ, जसरी लेखिएको छः 'तर धर्मीजन विश्वासद्वारा जिउनेछ।'" पावलको उपर्युक्त कथनले तपाईंलाई के भनीरहेको छ? के ती पदहरूमा उल्लेख गरेका प्रतिज्ञाहरूलाई तपाईंको जीवनले अनुभव गरेका छन् त?

माथि उल्लेखित पावलका वचनहरूमा धेरै महत्वपूर्ण बुँदाहरू छन्। तिमध्य यहाँ केहि प्रस्तूत गरिएका छन्ः-

क. *सुसमाचार अर्थात् येशूले हामीलाई हाम्रो पापबाट बचाउनुहुन्छ भन्ने शुभ सन्देश* । यो शव्द ग्रीक अर्थात् युनानी शव्दबाट आएको हो। यसको अर्थ "असल समाचार" वा "राम्रो सन्देश हुन्"।

शव्द आफैको वाख्या अनुसार कुनै पनि असल समाचार हो भन्ने जनाउँछ। तर जब वाक्याँशले "ख्रीष्टको सुसमाचार" भन्दा "मसिहको बारेमा सुनाउने असल समाचार" भन्ने अर्थ लाग्छ। (ख्रीष्ट भन्ने शव्द नै ग्रीक शव्द "मसिह"बाट आएको हो ।) शुभ समाचार त यो हो, अब मसिह आउनु भयो र तसअर्थः प्रत्येक मानिसले उहाँलाई विश्वास गरेर मुक्तिमा सहभागी हुनसक्दछ। हाम्रो मुक्तिको थलो केवल येशूमात्र हुनुहुन्छ। उहाँको सिद्ध धार्मिकता नै हाम्रो मुक्तिको जग हो। दश आज्ञाको व्यवस्थालाई पालन गरेर वा कुनै धर्मकर्म वा परोपकारिता को काम गरेर हामी मुक्ति पाउँदैनौं।

ख. *धार्मिकता अर्थात् धर्मी ठहरिनु* । परमेश्वरसँग ठिक हुनु नै यो शव्दको अर्थ हो। यस शव्दको विशेष अर्थलाई रोमीको पुस्तकमा खुलासा गरिएको पाउँछौं। जब हामी यस पुस्तकको अध्ययन गर्नेछौं तब त्यस शब्दको खोजतलास गरेर बुझ्न खोज्नेछौं। रोमी १:१७मा यो शब्द "परमेश्वरको" भनेर वाक्याँशसँग आएको पाउँछौं। अर्थात् हामीबाट होइन तर परमेश्वर आफैबाट आउने धार्मिकता हो। यो धार्मिकतामात्र यथेष्ठ छ जसले हामीलाई अनन्त जीवन प्राप्त गराउँछ। हामीलाई दिइएको मुक्तिको वाचा हाम्रो कामबाट होइन तर उहाँको कामबाटमात्र पूरा हुन्छ।

ग. *विश्वास वा आस्था।* ग्रीक वा युनानी शव्दबाट आएका यी शव्दको अर्थ विश्वास गर्नु र आस्थामा निष्ठ भएर बस्नु हो। यो शव्दलाई ग्रीकमा *pisteuo* (विश्वास गर्नु) वा *pistis* (आस्थामा निष्ठ हुनु वा विश्वासमा तल्लिन हुनु) भनेर उल्लेख गरिएको छ। यसको अर्थ विश्वास भन्ने कुरालाई मुक्तिसँग गाँसिएको छ। यो वन्धन् जब हामी रोमीको पुस्तकको अध्ययन गरे उपरान्त अझ बुझ्नेछौं।

कुनै कुरामा तपाईं निश्चित हुनुहुन्छ वा हुनुहुन्न भन्ने तर्कमा के तपाईं संघर्ष गरिरहनुभएको छ? तपाईंले मुक्ति पाउनुभएको छ वा छैन भन्ने कुरामा तपाईं कहिलेकाहिँ शङ्का गरिरहनुभएको छ? यस्ता भयहरू किन आउँछन् त? यी कहाँबाट आउँछन्? के तपाईंको जीवनशैली तपाईंको विश्वासको खिलाफमा गइरहेको छ? यदि छ भने तपाईंले त्यसलाई कसरी परिवर्तन गर्न सक्नुहुन्छ जसले गर्दा येशूले दिनुभएका वाचाहरूलाई तपाईंलाई आत्मासात् गर्न सघाउँछ?

## २. मानविय अवस्था (रोमी ३:२३)

पावलले व्यक्त गरेका, "सबैले पाप गरेका छन्। परमेश्वरको गरिमामय महिमामा कोहि पनि पुग्न सक्दैनन्।" (रोमी ३:२३बाट रूपान्तरित) शब्दहरू इसाईहरूलाई उदृध गर्न किन सजिलो छ? यस पदमा यस्ता के तत्व छन् जसले गर्दा मानिसहरूले यस्को सत्यतामाथि शङ्का गर्न सक्दछन्?

सबै मानिसहरू पापी छन् भनेर कतिपयले विश्वास गर्न चाहन्दैनन्। आधारभूतरूपमा मानिसहरू असलै छन् भनेर तिनीहरूले तर्क गर्दछन्। तर सचमूचरूपमा असल भनेको के हो, त्यो कुरा उनीहरूले बुझेका छैनन्। कतिपय मानिसहरूले आफूलाई अरूसँग दाँज्छ र भन्छ, "म त ऊ भन्दा राम्रै छु। असलै छु। ऊ जस्तो म भ्रस्ट भएको छुइन क्यारे !" के अरूसँग आफूलाई दाँजेर आफू राम्रो छु भनेर देखाउनेमात्र असल हो र? अमेरिकामा अल क्यापोन नाम गरेका एक प्रख्यात गुँण्डा थियो। ऊ त केवल अमेरिकाका केहि समाजको निम्ति मात्र बदमाश थियो। तर उसलाई हिटलरसँग दाँज्दा ऊ सन्त नै थियो भने पनि हुन्छ। तर यदि हामी परमेश्वर र उहाँको पवित्रता तथा धार्मिकतासँग दाँज्यौं भने हामी एक पल पनि शुद्ध र सिद्ध भएको पाउँदैनौं। जसरी मैनबत्ति सुर्यको अगाडि पग्लिन्छ, त्यसैगरी हाम्रो कुनै पनि गौरवता तथा महानता उहाँको अगाडि पग्लिन्छ। उहाँको अगाडि हामी खाराङ्गखुरुङ्ग नै हुन्छौं।

माथिको पदले भन्छ "परमेश्वरको महिमाको अगाडि।" यस वाक्याँशमा धेरै अर्थहरू पाइन्छ। तर यसको एकदम साधारण अर्थ १ कोरन्थी ११:७मा पाउँछौं: "उहाँ (येशू) परमेश्वरको प्रतिरूप हुनुहुन्छ र उहाँ परमेश्वरको महिमा हुनुहुन्छ।"(रूपान्तरित)। ग्रीक अर्थात् युनानी शव्दमा "महिमा" र "प्रतिरूप अर्थात् जस्तै" झण्डै एउटै हुन्। पापले गर्दा हामीमा भएको परमेश्वरको स्वभाव वा प्रतिरूप ध्वस्त भएको छ। तसर्थः पापी मानिसले परमेश्वरको महिमा देखाउने सम्भावना एकदम कम नै हुन्छ।

तपाईं कस्तो हुनुहुन्छ भनेर तपाईंको बारेमा रोमी ३:१०-१८ले कसरी चित्रण गरेको छ? के यसले तपाईंको भण्डाफोर गरेको

पाउनुहुन्छ? अर्थात् विश्व विख्यात दन्त्यकथा, "राजा त नाङ्गै रहेछ" भनेर एक बालकले भनेको जस्तै के पावलले तपाईं हामीलाई हामी पनि नाङ्गै रहेछौं भन्न खोजिरहेको हामी पाउँछौं? यदि येशू तपाईंको जीवनमा हुनुहुन्न भने तपाईंको जीवनको सार्थकतालाई कसरी मुल्याङ्कन गर्नुहुन्छ?

तर हाम्रो बारेमा जतिसुकै निराशमय चित्रण गरिएतापनि हामी हताश हुनुपर्ने अवस्था त छैन। प्रथमतः हामी पापी हौं भनेर स्विकार गर्नुपर्दछ। अनि त्यस पापलाई हाम्रो कुनै धर्मकर्मले धुन सक्दैनन् भनेर मान्नुपर्दछ। हामीलाई परमेश्वरको आवश्यकता देखाउने कामचाहिँ पवित्र आत्माको हो। तर जब पवित्र आत्माले हामी पापी हौं भनेर देखाउँछ भने हामी परमेश्वरबाट पन्छिन खोज्नुहुँदैन। यदि पापी मानिसले आफ्नो पाप स्विकार गरेर पापबाट पन्छिन खोज्दैन भने पवित्र आत्माले नै हाम्रो पापको अवस्थालाई उदाङ्ग गर्नुहुन्छ। अनि येशूको सामु पापी मानिस यसरी लम्पछार पर्दछ र परमेश्वरको दयाको निम्ति याचना गर्दछः "परमेश्वर म पापी हुँ। ममाथि दया देखाउनुहोस्।" (लूका १८:१३बाट रूपान्तरित)

तपाईंले अन्तिम पटक कहिले आत्मआलोचना गर्नुभएको थियो? तपाईंको क्रियाकलाप, भावनाहरू, नियतहरू आदिलाई के मुल्याङ्कन गरिरहनुभएको छ? आफूले आफैलाई हेर्दा कस्तो निराशमय अवस्थामा आफूलाई पाउनुहुन्छ? तपाईंको आशा के हो त? अर्थात् यस संसारमा तपाईं जीउने लक्ष्यलाई कसरी अर्थमुलक बनाउने?

## ३. प्रथम शताव्दिदेखि आजको एक्काइसौं सताव्दिसम्म (रोमी १:२२-३२)

१९०० ई.संवतको कुरो हो। संसार अब असलहुनमा परिवर्तन भइरहेको छ भनेर विश्वास गरिएको थियो। अब मानिसहरूको आयु धेरै लामो हुनेछ र मानिसहरू एक आपसमा सदभावना र सदाव्यवहार पूर्वक रहनेछन् भनेर आशा गरेको थियो। विज्ञान र विभिन्न प्रविधीले यस संसारलाई सिद्ध बनाउनेछन् र मानिसहरू सुखमय जीवन बिताउनेछन् भनेर त्यस ताकाका मानिसहरू ढ्क्क भएका थिए। अब सिद्ध हुनमा हामीहरू लम्किरहेका छौं भनेर त्यस समयका मानिसहरूले दावी गरेका थिए। उचित शिक्षा र धर्मले अब आफू र समाज उच्चतम प्रगतिमा लानेछ भनेर मानिसहरूले सोचेका थिए। जब हामी १९०० शताव्दिको

साहसिलो नयाँ संसारमा प्रवेश गर्नेछौं ती सबैकुराहरू आफसे आफ एकजुटभएर अघि बढ्नेछ भनेर मानिसहरू यकिन भएका थिए।

तर दुःखपूर्ण कुरो त यो छ, जब मानिसहरू उन्नाइसौं सताव्धीमा प्रवेश गरे तब संसारको इतिहासमा त्यो जस्तो हिंसामय र क्रुर अवस्था कहिलै पनि नभएको पाए। आधुनिक विज्ञानको चमत्कारले गर्दा अब मानिसहरू लाखौंको शंख्यामा एकैचोटी नाश गर्न सम्भव भइरहेको पाउँछौं। यो विश्वको इतिहासमा कुनै पनि बहुलाएको मानिसहरूले सजिलैसँग मानवसंहार गर्ने उपाय सपनामा पनि देखेका थिएनन्।

मानिस यसरी जनावरभन्दा पनि निचमा किने गुज्रन थाले त? तिनीहरूको समस्या के थियो?

पावलले प्रथम् शताव्धीको (ई.सन् १-९९) रोमी सभ्यतालाई लक्षित गरि रोमीका पत्रहरु १:२२-३२ लेखेका थिए। के बिसौं शताव्धीमा आजपनि ती कुराहरू शान्दर्भिक छन् त?

जब मानिसहरूले परमेश्वरलाई विर्सन्छ त पाप, दुष्ट, आतङ्क, गलत आदि भल बग्न थाल्दछन्। आज हामी ती समस्याहरूको परिणामा बाँचिरहेका छौं। यथार्थमा, यदि हामीले हाम्रो जीवनलाई परमेश्वरमा सुम्पेनौं भने हामी पनि ती समस्याहरूमा सहभागी हुनेछौं।

रोमी १:२२,२३मा पावलले तत्कालिन सभ्यता तथा मानव बौद्धिकतालाई लक्षित गरि यसरि व्यक्त गर्दछन्: "बुद्धिमानी छौं भनेर दावी गरेर तिनीहरू मूर्ख ठहरिए। अनि अविनाशी परमेश्वरको महिमालाई तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिको रूपमा परिवर्नन गरे।" के यो अभिव्यक्ति केवल दुई हजारवर्ष अघिको लागि मात्रै थियो त? परमपिता परमेश्वरको अस्तित्वलाई अश्विकार गरेर आज पनि मानिसहरूले कस्ता खालका मूर्तिहरूलाई पूजा गरिरहेका छन्? मानिसहरूले कस्ता खालका मानिसहरूलाई श्रद्धेय, भक्ति वा आदर्श व्यक्तिहरू ठानेर तिनीहरूको पछिपछि लागिरहेकाछन्? परमेश्वरबाहेक अरू वस्तु, जीव र मानिसहरूलाई पूजा गरेर के आफूहरूलाई उल्लु त बनाइरहेकाछैनन्?

## ४. यहूदी र गैर-यहूदी अर्थात् अन्य जातीहरूको मनिस्थिति एकै हुन् (रोमी २:१-३, १७-२४)

गैर-यहूदीका पापरहरू कस्ता थिए भनेर पावलले रोमी १मा खुलासा गरिएको पाउँछौं। सयौं वर्षदेखि सृष्टिकर्ता परमजपता परमेश्वरलाई भुलेर आफ्नै मनस्थितिले त्रास, विभिन्न भावनाहरू र अन्यौलता आदिले गर्दा उत्पादन गरेका देवीदेवताहरू तथा प्रकृतीका जीव अजिव वस्तुहरूलाई तिनीहरूले पूजाआजा गर्दथे। तिनीहरूका विचार, भावना र क्रियाकलापहरूमा पाप मुछेका थिए। आफ्नै भावनाहरूबाट सृष्टि गरेर पूजा गरेका देवीदेवताहरूले पनि आफ्नै मनस्थितिलाई प्रतिविम्व गरेको हुन्थ्यो। त्यसले गर्दा तिनीहरुको मानसिकतामात्र होइन, आध्यात्मिक जीवन पनि पापमय भएका थिए।

तर, पावल एकदम स्पष्ट व्यक्ति भएको हुनाले, आफ्नै गौरवान्वित यहूदी जात पनि ती अन्य जातीहरू भन्दा असल थिएन भनेर खुलासा गरेको पाउँछौं।

"अरू मानिसहरूभन्दा आफूलाई असल भनेर नठान्नु। तिनीहरूको न्यायकर्ता नहुनु। मानिसको दिमाग भित्र के छ सो तिमीहरूलाई थाहा नभएको हुनाले तिनीहरुको बारेमा निश्कर्ष निकाल्नु गैर जिम्मेवारीपूर्ण काम हो (यसले एक अर्कोप्रति पुर्वाग्रह जन्माउँछ)। तिनीहरूको मनस्थितिलाई न्याय गर्न तिमीहरू सक्षम् छैन। यदि कसैको आलोचना तिमीहरूले गर्छौं भने त्यो आफ्नै आलोचना पनि गरिरहेको हुन्छ। अर्थात् अरू कस्तो छ भनेर आलोचना गर्दा आफ्नै न्याय भइरहेको तिमीहरूलाई थाहा नहोला। फेरि आफ्ना भाईहरूलाई दोष लगाउने तिमीहरूको मनोवृत्ति छ भनेर तिमीहरू सैतानको पक्षमा छौ भनेर पनि देखाउँछ।"-एलेन जी ह्वाईट, द डिजायर अभ् एजेज्, पृ. ३१४।

अरूहरूको पापलाई औंल्याएर दोष दिनु एकदम सजिलो छ। तर कतिपटक त अरूलाई देखाउने पापहरूबाट हामी आफै पनि एक्लिएको हुँदैनौं र अरू भन्दा हामी चोखो छौं भनेर दावी गर्दा दोषमुक्त भएको पाउँदैनौ, किनकि अरूभन्दा वेढी पाप हामीले गरेका हुन्छौं। आफ्नै दोष, कमजोरहरू लुकाउने स्वभाव हाम्रो ठूलो समस्या हो। घृणित पाप गर्ने अरू मानिस भन्दा हामी कति असल छौं भनेर

आफूलाई सुन पानी छर्काएर धर्मात्माको बिल्ला लगाउनु मानव स्वभाव नै हो भने पनि हुन्छ। (कति मानिस धर्मको नाउँमा अतिबादी भएर धर्म वा संस्कृतीलाई रक्षा गर्नेको नाउँमा नर संहार गर्ने मानसिकताबाट कुनै धर्म पनि अलगिएको पाउँदैनौं। त्यहि मानसिकताले गर्दा ४ करोड भन्दा वेसी येशूभक्तहरू शहिद भएका थिए। त्यस मध्ये अधिकाँस त इसाई भनाउँदाहरूबाट नै हत्या गरिएका थिए भन्दा अतिरञ्जित नभएको इसाई इतिहासले बताउँछन्।)

अरू भन्दा आफू राम्रो छु वा धर्मात्मा छु भन्ने मनस्थितिलाई पावलले स्विकार गर्दैनन्। अरू आस्था तथा जातका मानिसहरूको न्याय नगर्नु भनेर पावलले स्पष्ट रूपमा खवरदारी गरेको हामी पाउँछौं। किनभने उनको आफ्नै यहूदी जातका मानिसहरू पनि पापी नै थिए। हो, तिनीहरूलाई परमेश्वरले विशेष जाती भनेर चुन्नुभएको थियो, तै पनि तिनीहरू पापबाट चोखो भएको थिएन। अझ, पावलको सामु तिनीहरू झन बेसी दोषी भएका थिए। तिनीहरूले अरूको पापप्रति आलोचना गर्दथे, तर अन्य जातीको भन्दा बेसी ज्ञान भएकोले तिनीहरू अझ असल हुनुपर्दथे। तर धर्मले गर्दा तिनीहरूमा अहँकारको घोडा चढेकोले तिनीहरू पर-धर्मी भन्दा बढी दोषी भएको बाइबलले खुलासा गरिएको हामी पाउँछौं।

कोहि मानिस पनि धर्मात्मा छैन भनेर पावलले औँल्याएको पाउँछौ। परमेश्वरको सिद्ध मापदण्ड वा आचारसहिंतामा हामी कोहि पनि पुग्न सक्दैनौं। हामी कोहि पनि असल, पवित्र र सन्तसाधु छैनौं। चाहे यहूदी, चाहे गैर-यहूदी, पुरुष वा स्त्री, धनी वा गरिब, हामी सबै जना पापको वन्धनमा छौं। सैतानले हामी सबैलाई अपहरण गरेको छ भन्दा पनि हुन्छ। यदि परमेश्वरको प्रेमबिना हामी सबै आशारहित जीवन बिताएका हुन्छौं। (येशूबिना हाम्रो जीवन खल्लो हुन्छ, त्यहि खल्लो जीवनलाई संतुष्ट बनाउन मानिसहरूले अनेक उपाय रचेका हुन्छन् जसले गर्दा मानिस प्रगतिमा लाग्नुसट्टा अधोगतिमा जाकिरहेको सारा अखबारका पानाहरूले छर्लङ्ग पारीरहेको हामी पाइरहेका छौं।) बाइबलमा उल्लेखित परमेश्वरको सुसमाचारले मात्र हाम्रो जीवनलाई शल्यक्रिया गर्दछन् र  हाम्रो स्वभावलाई पर्दाफास गरेर हाम्रो असली रूप देखाउँदछन्।

के तपाईं आफूलाई पाखण्डी ठान्नुहुन्छ? कतिपटक त अरूले गरेकै पाप आफूले पनि गरेको हुनाले आफू दोषी भएको के तपाईंलाई थाहा छ? पावलले दिएको अर्ति अनुसार तपाईं चल्दा त्यस्ता स्वभावबाट आफूलाई कसरी सुधार्न सकिन्छ?

## ५. पश्चाताप (रोमी २:४)

पाँच वर्षका एक जना दाइले खेल्ने क्रममा रिसले आफ्नी बहिनीलाई हिर्काए। उसका आमाबाबुले आफ्नी बहिनीसँग माफी माग्नु भनेर अऱ्हाए। तर उस्ले माफी माग्न चाहेन। तर आमाबाबुले जोड गर्दा चाहि नचाहि उसले भन्यो, "सरी वा माफ देऊ।" परमेश्वरको सामु आफ्नो कमजोर वा पापप्रति दुःख यसरी व्यक्त गरिँदैन।

यसै सन्दर्भमा पावलले रोमी २:४मा भन्दछन्, "परमेश्वरका कृपाले तिमीलाई पश्चातापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर के तिमी उहाँको दया, सहनशीलता वा सदाशयता, धैर्यताको सम्पत्तिलाई तुच्छ ठान्छौं?" यसमा के सारगर्भित सन्देश हामी सबैलाई दिइएको छ?

पापीहरूको धर्मकर्मले होइन तर परमेश्वरको कृपाले गर्दा उनीहरूलाई पश्चातापको बाटोमा डोऱ्याउँछ भन्ने कुरा हामीले बिर्सनुहुन्न। परमेश्वरले मानिसको इच्छा विपरित वा आत्मनिर्णयको बिपरित कुनै पनि शक्ति प्रयोग गर्नुहुन्न। उहाँ हरदम धैर्यवान हुनुहुन्छ। आफ्नो अनन्तको प्रेमले मानिसहरूलाई आफूतिर तान्न उहाँ सधैं तत्पर हुनुहुन्छ। उहाँको चाहना नै पापमा परेको मानिसलाई आफ्नो प्रेमले लोटप्रोट गरेर त्यस पापको दलदलदेखि कसरी उठाउने हो। तर उहाँले कुनै पनि बल प्रयोग गरेर मानिसलाई पश्चाताप गराउनुहुन्न। आमाबाबुको करले गर्दा त्यस बालकले आफ्नी बहिनीलाई "सरी वा माफ देऊ" भनेर ठिक्क पारेको जस्तो हामीमा पनि देखावटी पश्चाताप भएको परमेश्वर चाहनुहुन्न। यदि सबैले देखावती रूपमा पश्चाताप गरे भने सबै जनाले स्वतः मुक्ति पाउने थियौ, होइन त? त्यसकारण आफूले गरेका पाप वा अधर्मप्रति देखावटी रूपमा दुःख व्यक्त गरे मात्र पुग्छ भने कसैलाई पश्चाताप गर्न कसैलाई नगर्न परमेश्वरले किन जोड दिने?

परमेश्वरको प्रेमलाई तिरस्कार गर्नेको गति के हुन्छ भनेर रोमी २:५-१०मा पावलले उल्लेख गर्दछन्? यी मानिसहरू केवल

परमेश्वरको प्रेमलाई तिरस्कार गर्ने मात्र होइन, उनीहरूको हृदय कठोर हुन्छ र पश्चाताप गर्न अश्विकार पनि गर्दछन्, अनि तिनीहरू विद्रोहीको मनस्थितिमा रहिरहन रूचाउँछन्।

मानिसहरू असल काममा तल्लिन हुनुपर्दछ भनेर माथिका पदहरू र रोमीको पुस्तकमा धेरै पटक स्पष्ट रूपमा पावलले उल्लेख गरेको पाउँछौं। व्यवस्थालाई पालन गरेर होइन तर विश्वासद्वारा मानिस धर्मी ठहरिन्छ भन्दैमा इसाईहरू काम गर्नबाट अलग हुनुपर्छ भनेको होइन। उदाहरणमा, पद ७ले भन्दछ, मुक्ति त्यसलाई प्राप्त हुन्छ "जसले असल काम गरिरहेको हुन्छ"। असल कामले मुक्ति दिन सक्दैन। तर जसले मुक्तिको अनुवभ गरेको हुन्छ त्यसले असल कामलाई आफ्नो जीवनशैलीको प्रमूख भाग बनाएको हुन्छ। मुक्ति पाउन असल काम गर्ने होइन तर मुक्ति पाएकोले असल काम गरिन्छ। हाम्रा कामहरू र क्रियाकलापहरूको महत्वलाई नबुझी हामीले बाइबल पढ्न सक्दैनौं। पश्चाताप भनेको देखावटी नभएर हृदयदेखि आउनुपर्छ, यसमा कसैको दुईमत छैन। र जसले सत्य रूपमा पश्चाताप अर्थात् नराम्रो काम नगरी सुमार्गमा हिंड्न थाल्छ त्यस मानिसले बिगतको जीवनलाई त्यागन निर्णय गर्दछन् र परमेश्वरले कोर्नुभएको नक्सामा आफू हिंडन अग्रसर हुन्छन्। परमेश्वरबाट अलग राख्ने कुनै पनि कुराबाट आफूलाई टाडा राख्न उसले प्रयत्न गर्दछन्। त्यो प्रयत्न पनि परमेश्वरकै शक्तिले गरेको हुन्छ।

यस संसारमा कोहि पनि सिद्ध छैन भन्ने कुरामा दुईमत छैन। सबै जनामा कुनै न कुनै कमजोरीहरू हुन्छन्, भूल गर्दछन् र पापमय स्वभावको शिकार भएको अनुभव गरेका हुन्छन्। कुनै बेलामा तपाईं चुक्नुभयो भने के तपाईंले हृदयदेखि पश्चाताप गर्नुहुन्छ? के त्यसमा इमान्दारिता छ? अथवा के ठिक्क पारेर अरूको मन जित्नमात्र औपचारिक रूपमा दु,ख व्यक्त गर्नुहुन्छ? यस्तो मतिबाट के तपाईं मुक्त हुन चाहनुहुन्छ? तर कसरी मुक्त हुने? सफल येशूभक्तको जीवन विताउन तपाईंमा परिवर्तन किन हुनुपर्दछ?

**उपसंहारः**

श्रोतहरू भएमा एलेन जी ह्वाईटका यी लेखहरू पढ्नुहोस्ः *क्राइस्ट अवजेक्ट लेसनस*मा २९१-२९४ पृष्ठमा उल्लेखित "द लर्डस्

भिनियार्ड", *स्टेपस टू क्राइष्ट*मा पृ. ९-१५मा उल्लेखित "गड्स लभ फर मान" र पृष्ठ १७-१२को "द सिनर्स निड अभ क्राइष्ट", *द मिनिस्त्री अभ हिलिङ्ग*को पृ. ४९२-४९४मा उल्लेखित "इन कन्टाक्ट विथ अदरस्", *टेस्टिमोनिज फर द चर्च*, ठेली ५को पृ. १४६,१४७मा उल्लेखित "एजेन्टस अभ सैतान"।

"आफू सोझो छ र आफ्नो हृदय सफा छ भनेर धेरैले सोच्दछन्। त्यो मूर्ख सोच हो। "मानिसको हृदय अरू भन्दा बेइमान हुन्छ" ( यर्मिया १७:९) भन्ने कुरालाई तिनीहरूले बुझेका छैनन्। यस्ता मानिसहरूले आफू कत्तिको धर्मात्मा छौं भनेर बिचार गर्दछन्। आफूले नै रचेका आचरणको मापदण्डमा पुग्दा आफू संतुष्ट भएको ठान्दछन्। तर परमेश्वरले स्थापना गर्नुभएको आचारसंहितामा नपुग्दा तिनीहरू घाटक रूपमा असफल हुन्छन्। परमेश्वरले अपेक्षा गर्नुभएको मापदण्डमा पुग्न र उहाँले भन्नु भएको काम गर्न आफ्नै बलशक्तिले भ्याउन सक्दैनन्।"एलेन जी ह्वाईट, सेलेक्टेड मेसेजेज्, बुक १, पृ. ३२०बाट रूपमान्तरित।

"संसारको भयानक स्थितिलाई चित्रण गरेर परमेश्वरले मलाई दर्शन दिनुभएको छ। बैवाहिक जीवनलाई वेवस्ता गरेर जथाभावी अरूसँग यौन क्रिडा गर्ने र ती यौन क्रिडाबाट आउने भयङ्कर परिणामहरू यस सताव्दीका पापहरू हुन्। अहिलेको जमानामा जस्तो पापले कुरुप शिर कहिलै पनि उठाएको थिएन। मानिसहरू पापले गर्दा उनीहरूका हृदयहरू अत्यन्त कठोर भएको पाउँछौं। पापप्रति तिनीहरुको मनस्थिति अचेत भइरहेको छ। सत्य रूपमा सदाशयी अपनाउन चाहनेहरु र शुद्ध जीवन यापन गर्न चाहनेहरूले पापको शक्ति र हिम्मतले गर्दा यस संसारमा के असल गर्नु भन्ने तर्कका बादलले झण्डै पूरा रूपमा छोप्न खोजिरहेको पाउँछौं। सकारात्मक जीवनप्रतिको आशा त्याग्न थालेका पाउँदछौं। तर यस संसारमा भएका पाप, शंङ्का र अविश्वासीहरूको बिचमा मात्र सिमित भएको छैन। कतिपय धर्मको नाउँमा पोशाक पहिरहनेहरू पनि यस दोषबाट मुक्ति भएको पाउँदैनौं। येशूको आगमनको निम्ति पर्खिरहेकाछौं भनेर कतिपय दावि गर्नेहरू पनि सैतानको शिविरमा परिरहेका हुन्छन् र सत्य रूपमा तिनीहरू उहाँको आगमनको प्रतिक्षाको निम्ति तयार भएका हुँदैनन्। सबै पापदेखि

तिनीहरू चोखो बन्न चाहिरहेका हुँदैनन्। आफ्नै महत्वाकाँक्षा र अभिलाषामा तिनीहरू यसरी तल्लिन भइरहेका हुन्छन् कि अज्ञात रूपमा तिनीहरूका सबै सोचबिचार र भावनाहरू प्रदुषित भइसकेका हुन्छन्।"- एलेन जी ह्वाईट, *टेस्टिमोनिज फर द चर्च,* ठेलि २, पृ. ३४६बाट रूपान्तरित।

**चिन्तनमननः**

१. तेश्रो बुँदाको अन्तिम प्रश्नको चिन्तनलाई सिहाँवलोकन गर्नुहोस्। बर्तमान परिप्रेक्ष्यमा पनि बुद्धिमानी छु भन्नेहरू मूर्ख भइरहेको के हामीले पाएका छैनौं कि?

२. उपसंहारमा लिखित एलेन जी ह्वाईटको दोश्रो उद्धृद अँश फेरि हेर्नुहोस्। के तपाईँ पनि उनले वर्णन गर्नुभएको पात्रहरू मध्ये एक हुनुहुन्छ? यदि हुनुहुन्छ भने तपाईँको के जवाफ छ? हताश निराश भएर होइन तर परमेश्वरका क्षमाशीलता र शुद्ध गर्ने प्रतिज्ञाहरूलाई सम्झेर आफ्नो जीवन उहाँमा सुम्पेर ढुक्क हुनु किन जरूरी छ? सैतानले तपाईँको चेतनामा यस्ता आवाज ल्याएर तपाईँलाई लडाउन चाहन्छः "जति राम्रो गर्न चाहे पनि म असफल व्यक्ति भएको छु। म अत्यन्त पापी नै छु। मैले कहिलै पनि मुक्ति पाउन सक्दिन। बेकारमाके असल कुरा सोचेर बस्नु । आ, छोडिदेउँ इसाई हुनमा।" के तपाईँ सैतानको आवाजलाई प्रार्थमिकता दिनुहुन्छ कि येशूको जसले भन्नुहुन्छ, "तिमीलाई पनि म दोष दिन्न....जाऊ फेरि पापी जीवन त्यागेर उचित जीवन यापन गर।"? (यूहन्ना ८:११बाट रूपमान्तरित)।

३. पापको बारेमा इसाईहरू स्पष्ट हुन किन जरूरी छ? पापको यथार्थतालाई पन्छाउन खोज्यौं भने के हुन्छ? हामी पापी हौं भन्ने कुरालाई बिर्स्यौं भने हामीले के भूल गर्न सक्छौं?